**अनुसूची २**
**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

**मोदी गाउँपालिका**
**स्थानीय राजपत्र**

**खण्ड-४, संख्या-९, मिति-२०७७/१२/०२**

**भाग-१**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मोदी गाउँपालिका संस्था दर्ता ऐन, २०७७

**प्रस्तावना**

मोदी गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र निर्धारण गरी सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना, दर्ता तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले, संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम मोदी गाउँसभाले यो ऐन तर्जुमा गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मोदी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

(३) यो ऐन मोदी गाउँपालिका भित्र मात्र लागु हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-**

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, सामुदायिक संस्था, टोल विकास समिति, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "उपअध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले मोदी गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय प्रमुखलाई सम्झनुपर्छ ।

(च) "गाउँपालिका" भन्नाले मोदी गाउँपालिका सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "बिषयगत शाखा" भन्नाले गाउँकार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

**४. संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्थासम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको सूचना ७ दिन भित्र निवेदकलाई दिनु पर्नेछ ।

**५. दर्ताको लागि निवेदन :** यस ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले रु एकहजार रुपैंया दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**६. संस्थाको दर्ता र प्रमाण-पत्र :** दफा ५ बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

**७. दर्ताको अवधि, नवीकरण र दस्तुर :** (१) दफा ६ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकिय अधिकृत समक्ष रु पाँचसय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपदफा (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) उपदफा (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को दुई वर्ष सम्म प्रति आर्थिक वर्षको लागि रु. ५००।-

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिबाना समेत लिई पाँच बर्ष सम्मको प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ । पाँच वर्ष सम्म नविकरण नगरेमा संस्था खारेज हुनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी सो वर्षको रु ५०० र आगामी बर्षहरुको प्रत्येक वर्षको लागि एकसय रुपैंया दस्तुर लिई एकै पटक पा“च वर्षसम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६)दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

(७) दफा (६) र  दफा (७) बमोजिम दर्ताको प्रमाण-पत्र दर्ता तथा नवीकरण गरेको जानकारी  प्रमुख प्रशासकीय अधिकृतले  नेपाल सरकार, गृह मन्त्रालयलाई दिनु पर्नेछ ।

**८. संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था  अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो  संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप र विधान हुनेछ ।
(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन  गर्न सक्नेछ ।
(३) संस्थाले व्यक्ति सरह आफनो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो  उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

**९. संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले  संस्थाको विधान विरुद्ध संस्थाको कुनैसम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा  वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने,  कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख  प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला  अदालतमा पुनरावेदन दिन सक्नेछ ।
(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति  वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको  कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

**१०. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :** यो ऐन प्रारम्भ हुनुभन्दा  अघि तत्काल प्रचलित कानूनबमोजिम दर्ता नभइ स्थापना भई संचालनमा  रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महीनाभित्र यो ऐन  बमोजिम दर्ता गराउनु पर्नेछ । मोदी गाउँपालिका कार्यक्षेत्र राखी स्थापना भएका संस्था यस अघि दर्ता भएको कार्यालयमा लगत कट्टा गरी हस्तान्तरण भइ आएमा मोदी गाउँकार्यपालिकाकै कार्यालय लगत कायम गरी नविकरण हुनेछ ।

**११. संस्थाको उद्देश्यहरुमा हेरफेर :** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न  आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा  सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर  छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।
(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई  सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित  भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व  स्वीकृति लिनु पर्नेछ ।

**१२. हिसाबको विवरण पठाउनु पर्ने :** प्रबन्ध समितिले आफनो संस्थाको हिसाबको  विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु  पर्नेछ ।

**१३. हिसाब जाँच गर्ने :** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा  संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन  सक्नेछ ।
(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा  सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको  कर्तव्य हुनेछ ।
(४) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको  म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ  र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै  पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा  दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो  पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित  कानून बमोजिम कारवाई चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय  समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन  लगाउनेछ ।
**१४. निर्देशन दिने:** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र  त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१५. दण्ड सजाय** : (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच हजार रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा १२ बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(३) दफा १३ बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँचसय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ११ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफनो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१६. पुनरावेदन :** दफा १५ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१७. संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारमा स्वत सर्नेछ ।

**१८. नियम वा कार्यविधि बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम वा कार्यविधि बनाउन सक्नेछ ।

**१९. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

अनुसूची – १
(दफा ५ सँग सम्बन्धित)
निवेदनपत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
……………… कार्यालय ।
महोदय,

हामीले ………………………… सम्बन्धी संस्था खोल्न चाहेकोले मोदी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नाम :-
२. संस्थाको उद्देश्यहरु :-
(क)
(ख)
(ग)
३. प्रबन्ध समितिका सदस्यहरुको
नाम ठेगाना पेशा
(क)
(ख)
(ग)
४. आर्थिक स्रोत :-
५. कार्यालयको ठेगाना :-

मिति :-

भवदीय,
पदाधिकारीहरुको नामः

अनुसूची-२

(दफा ६ सँग सम्बन्धित) दर्ता किताबको ढाँचा

संस्थाको दर्ता किताव

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

प्रमाण-पत्रको ढाँचा

संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव

.............................. ।

................................. (संस्थाको नाम) मोदी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७७ को दफा ६ बमोजिम .......... साल .......... महिना .......... गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको सहीः-

पूरा नाम :-

दर्जा :-

कार्यालय :-

नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |

**प्रमाणीकरण मिति : २०७७/१२/०२**

**आज्ञाले,**
**किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**